किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः२०७५/०३/१०

**भाग-१**

**किस्पाङ गाउँपालिका**

## आर्थिक ऐन, २०७५

**गाउँ सभाबाट स्वीकृत मितिः २०७५।०३।१०**

**प्रमाणिकरण मितिः २०७५।०३।१०**

**प्रस्तावनाः**

किस्पाङ गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम किस्पाङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि किस्पाङ गाउँपालिका भर लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिका ले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका ले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका ले तोके अनुसार हुने छ ।

**अनुसूचि १ सम्पति कर**

**अनुसूचि २ मालपोत**

प्रति रोपनी रु. १५ (अब्बल र दोयम) विलम्ब शुल्क १० प्रतिशत

प्रति रोपनी रु. १० (सिम र चाहार) विलम्ब शुल्क १० प्रतिशत

**अनुसूचि ३ घर बहाल कर**

१०% बहाल रकममा

**अनुसूचि ४ व्यवसाय कर**

रु. ५०० देखि २०००।- प्रतिबर्ष प्रतिव्यवसाय लगानीको आधारमा (कार्यपालिकाबाट कार्यविधि बनाउनुपर्ने)

अनुसूचि ५ जडिबुटि, कवाडी र जीवजन्तु कर

अनुसूचि ६ सवारी साधन कर

**अनुसूचि ७ विज्ञापन कर**

रु. १०००।- 1M ×1M हेडिङ बोर्ड

अनुसूचि ८ मनोरञ्जन कर

अनुसूचि ९ बहाल विटौरी शुल्क

अनुसूचि १० पार्किङ शुल्क

अनुसूचि ११ ट्रेकिङ्क, कोयोकिङ, क्यानोङङग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्यापिटङ शुल्क

**अनुसूचि १२ सेवा शुल्क दस्तुर**

| | |
|---|---|
| जग्गा नामसारी सिफारिस दस्तुर | रु. ५०० प्रति सिफारिस |
| घर निर्माण सम्पन्न दस्तुर | रु १००० प्रति घर |
| घरबाटो सिफारिस | रु ५०० |
| घरबाटो सिफारिस | रु २०० |
| विद्यालय अनुमति सिफारिस | रु २००० प्रति सिफारिस |
| मण्टेश्वरी/पुर्व प्रा.वि. नविकरण | रु २००० प्रति सिफारिस |
| नेपाली नागरिकता प्रमाण पत्र सिफारिस | निशुल्क |
| नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपी सिफारिस | रु ५०० |
| नेपाली नागरिकता प्रमाण पत्र सिफारिस | रु २०० |
| जग्गा दर्ता सिफारिस | रु ५० प्रति रोपनी |
| चार किल्ला सिफारिस | रु २०० प्रति सिफारिस |
| धारा/विधुत सिफारिस | रु २०० प्रति सिफारिस |
| नाता प्रमाणित | रु २०० प्रति सिफारिस |
| सर्जमिन दस्तुर | रु १००० प्रति सर्जमिन |
| घर कायम सिफारिस | रु १००० प्रति सिफारिस |
| विदेशी प्रयोजन प्रति सिफारिस | रु ५०० प्रति सिफारिस |
| सम्पत्ति मूल्याकन सिफारिस | रु १०० प्रति लाख मूल्यांकन |
| सम्पत्ति मूल्यांकन सिफारिस | रु ५० प्रति लाख मूल्यांकन |
| जग्गा प्लानिङ सिफरिस | रु ५०० प्रति रोपनी |
| पञ्जिकरण विलम्ब दस्तुर | रु ५० |
| विद्यार्थी छात्रवृती र असाहय सिफारिस | निशुल्क |
| सामान्य सिफारिस | रु १०० प्रति सिफारिस |
| नक्सापास दस्तुर | रु २.५० प्रति बर्ग फिट |
| नक्सापास दस्तुर | रु ४ प्रति वर्ग फिट |

**अनुसूचि १३ पर्यटन शुल्क**

आज्ञाले,
गुरु प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत